# प्रदेश स्तरीय पर्यटन प्रवर्द्धन डकुमेन्ट्री तयारीको लागि कार्य क्षेत्रगत शर्त(Term Of Reference)

१.पृष्ठभूमीः

प्राकृतिक, भौगोलिक, धार्मिक र सांस्कृतिक विविधतायुक्त प्रदेश नं. ५ पर्यटन उद्योगको विकासका लागि धेरै आधारहरु रहेका छन्। आन्तरिक पर्यटनका लागि पनि यो प्रदेश देशकै अग्रणी मानिन्छ। प्रदेश ५ सरकारको दीर्घकालीन सोचमा पर्यटन क्षेत्रको विकास एवम् बृद्धि मार्फत आर्थिक समृद्धिमा योगदान गर्ने रहेको छ। यस सोचलाई पुरा गर्न प्रदेशमा भएका पर्यटकीय अवसरहरुको पहिचान, विकास, बजारीकरण, प्रवर्द्धन र संरक्षण गर्ने प्रदेश सरकारको लक्ष्य प्राप्तिमा सहयोग पुर्‍याउन प्रदेश स्तरीय पर्यटन प्रवर्द्धन डकुमेन्ट्री महत्वपुर्ण माध्यम हुन सक्छ। यस प्रदेशमा रहेका पर्यटकीय गन्तव्य स्थलको प्रचार प्रसार गर्न र ती स्थलहरुको वस्तुस्थिति बारेमा जानकारी दिन भिडियो डकुमेन्ट्री एक महत्वपूर्ण साधन बन्न सक्दछ।

२.डकुमेन्ट्री निर्माणको लक्ष्यः

प्रदेश नं. ५ का पर्यटकिय आकर्षणको बारेमा जानकारी गराइ पर्यटकको संख्या बृद्धि गरी स्थानीयको सामाजिक र आर्थिक हैसियतमा सुधार ल्याउन योगदान गर्ने।

३.डकुमेन्ट्री निर्माणको उद्देश्यहरुः

- यस प्रदेशका रहेका पर्यटकीय गन्तव्यहरुको एकृकित चिनारी गराउनुका साथै त्यसको प्रचार प्रसारमा सहयोग पुर्‍याउने ।
- पर्यटकीय गन्तव्यहरुको सम्भावना र महत्व झल्काउने र पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउने।
- प्रदेश नं. ५ मा पर्यटकीय गन्तव्यहरुमा पर्यटकहरुको आवागमनमा बृद्धि गरी रोजगारीका अवसरहरु सिर्जनाहरु गर्ने।
- स्थानीय समुदायको सामाजिक र आर्थिक विकासका लागि पर्यटन प्रर्वद्धनका गतिविधिहरुलाई जोड्ने सम्भावनाको खोजी गर्ने।

४.डकुमेन्ट्री निर्माण क्षेत्रः-

डकुमेन्ट्रि निर्माणको क्षेत्र प्रदेश नं. ५ का १२ जिल्ला हुनेछ। १२ जिल्लाका ऐतिहासिक, पुरातात्विक, धार्मिक र प्राकृतिक महत्वका सम्पदाहरु समेट्नु पर्नेछ। १२ जिल्लामा पर्यटकहरु भित्र्याउन सकिने मुख्य-मुख्य पर्यटकीय गन्तव्यलाई पहिलो प्राथमिकता दिनु पर्नेछ। प्रमुख पर्यटकीय स्थलहरु, तालहरु, ऐतिहासिक र धार्मिक क्षेत्रहरु तथा प्राकृतिक स्थलहरु समेट्नु पर्नेछ। साविक जिल्ला विकास समिति हाल जिल्ला समन्वय समितिको गुरुयोजनाका क्षेत्र, हालका स्थानीय तहहरुले प्राथमिकता दिएका क्षेत्रहरु, नेपाल सरकारको १०० गन्तव्य सूचिमा परेका यस प्रदेशका



सचिव

गन्तव्यहरु, प्रदेशको आवधिक योजनाले पर्यटनको क्षेत्रमा प्राथमिकता दिएका क्षेत्रहरु, प्रदेश भित्रको कृषि पर्यटन, संस्कृति पर्यटन, ऐतिहासिक खेलकुद पर्यटन, पर्यापर्यटन, अध्यात्मिक एवम् धार्मिक पर्यटन ,पुरातात्विक क्षेत्रहरु, भौतिक पर्यटन जस्ता बिषयहरु समेटिएको हुनुपर्नेछ।

५. डकुमेन्ट्री निर्माण विधिः- डकुमेन्ट्री निर्माण विधि परामर्शदाताले आफ्नो प्रस्तावमा पेश गर्नु पर्नेछ।

६. डकुमेन्ट्री निर्माण प्रकृयाः-

क) मन्त्रालयले कार्यक्षेत्रगत शर्त र लागत अनुमान तयार गरी स्वीकृत गर्नेछ ।

ख) सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा उल्लेखित प्रावधानको परिधी भित्र रही सूचना प्रकाशन गरी प्राप्त प्रस्तावहरु मध्येबाट प्रस्ताव मुल्याङ्कन तथा छनोट समितिले उपयुक्त परामर्शदाता संस्था छनोट गरिनेछ ।

ग) छनोट भएको परामर्शदाता संस्थासँग यस कार्य क्षेत्रगत शर्त बमोजिम सम्झौता गरिनेछ ।

घ) छनोट भएको परामर्शदाताले प्रदेश नं. ५ अन्तर्गत रहेका सबै जिल्लाहरुमा रहेका माथि कार्यक्षेत्रमा उल्लेख गरे बमोजिमको पर्यटकीय महत्वका गन्तव्यहरुको भिडियो संकलन तथा तयार गर्ने कार्य गर्नुपर्नेछ साथै आवश्यक तस्वीर लिनुपर्नेछ।

ङ) परामर्शदाताले संरक्षण समिति लगायत स्थानीय सरकार र जिल्ला स्थित सरोकारवालाहरुसँग समन्वय र विचार संकलन गर्नुपर्नेछ ।

च) परामर्शदाताले निर्माण गरेको डकुमेन्ट्री पहिलो ड्राफ्ट यस मन्त्रालयमा प्रस्तुतीकरण गर्नुपर्नेछ र प्राप्त सुझावहरु समेटी अन्तिम डकुमेन्ट्री तयार गर्नुपर्नेछ।

७. भिडियो डकुमेन्ट्री निर्माणका शर्तहरू

क) कम्तिमा ५ वर्ष देखि नेपाल सरकारको संघीय वा प्रादेशिक मन्त्रालय वा स्थानीय तहहरुको वृत्तचित्र निर्माण गरेको संस्था हुनुपर्ने ।

ख) ऐतिहाँसिक, साँस्कृतिक एवम् पर्यटकीय विधाका डकुमेण्ट्री, विज्ञापन अथवा प्रचार-प्रसार श्रव्य दृश्य सामाग्री निर्माण गरेकै संस्था हुनुपर्ने।

ग) फिल्म मेकिङ सम्बन्धि अध्ययन गरेको दक्ष कर्मचारी भएको संस्था हुनुपर्ने।

घ) इडिटिङ्ग, 3D एनिमेसन तथा कलर ग्रेडिङ्ग, पाश्र्व संगीत (background music) सम्बन्धि पढेको दक्ष कर्मचारी तथा अनुभवी संगीतकर्मी आवद्ध भएको संस्था हुनुपर्ने ।

ङ) छायाँङकनको (सुटिङ्गको) लागि चाहिने आफ्नै आधुनिक क्यामेरा, ड्रोन क्यामेरा तथा इडिटिङ्ग सिस्टम सहितको ल्याव भएको संस्था हुनुपर्ने ।

च) ऐतिहाँसिक, साँस्कृतिक, पर्यटकीय एवम् सामाजिक रुपान्तरणको विधामा जस्तैःडकुमेण्ट्री, लघु चलचित्र तथा विज्ञापन इत्यादी सरकारी कार्यहरुमा पनि नयाँ प्रविधि र गुणस्तरलाई ध्यानमा राखी निर्माण सम्पन्न गरिसकेको संस्थालाई पहिलो प्राथमिकता दिइने छ।



सचिव

ख) छायांकनमा भिडियो क्यामरा सहित आवश्यकता अनुसार ड्रोनको प्रयोग गर्नुपर्ने। जसमा भिडियो गुणस्तर फुल एच डी (१९२०-१०८०) भन्दा कम हुन नहुने। सकेसम्म (फोर के) फर्मेट प्रयोग गर्नुपर्ने।

ग) छायांकनका क्रममा क्यामराका अतिरिक्त ड्रोनको प्रयोग गर्दा स्थानीय प्रशासनसँग समन्वय वा अनुमति लिएर गर्ने व्यवस्था परार्शशदाताले मिलाउनु पर्ने।

८.बजेट र जनशक्ति

यस कार्यक्रमका लागि आवश्यक पर्ने भौतिक साधन र जनशक्ति सेवा प्रदायकले व्यवस्थापन गर्नुपर्नेछ। यस परियोजनाको लागि मन्त्रालयले परामर्शदातालाई रु. बाइस लाख पचपन्न हजार चार सय चौबीस (भ्याट र कन्टिन्जेन्सी रकम सहित) उपलब्ध गराउनेछ।

९. भिडियो डकुमेन्ट्री तयारीमा लाग्ने समय

समय अवधि सम्झौता भएको मिति देखि २ महिनाको हुनेछ ।

१०. भिडियो डकुमेन्ट्रीको अपेक्षित उपलब्धी

क) प्रदेश नं. ५ का पर्यटकीय गन्तव्यहरुको भिडियो दस्तावेज तयार हुनेछ भने जिंगलहरुलाई सामाजिक सञ्जालहरुमा अपलोड गरेर प्रचारप्रसार गर्न सहयोग पुग्नेछ ।

ख) प्रदेश नं. ५ को पर्यटन प्रवर्द्धनका लागि टेवा पुग्नेछ।

ग) प्रदेश नं. ५ मा पर्यटकीय गन्तव्यहरुमा पर्यटकहरुको आवागमनमा बृद्धि गरी रोजगारीका अवसरहरु सिर्जना हुनेछ।

घ) स्थानीय समुदायको सामाजिक र आर्थिक विकासमा टेवा पुग्नेछ।

११.भिडियो डकुमेन्ट्रीको प्रतिवेदनका पक्षहरु

डकुमेन्ट्रिले समेटने क्षेत्र एवम् त्यसको प्रभावकारिता र गुणस्तरियता धेरै महत्वपुर्ण पक्ष हो। यसका लागि डकुमेन्टीको भोल्यूम, पिक्चर क्वालिटि, रिजोलुसन, समयाविधि र त्यसमा प्रयोग हुने स्कृप्ट आदिको ठुलो भूमिका रहको हुन्छ। यी सबै पक्षहरुलाई मध्यनजर गरी भिडियो डकुमेन्ट्री बनाउदा एउटै डकुमेन्ट्रिमा सबै धार्मिक, साँस्कृतिक, पुरातात्विक, ऐतिहासिक एवम् प्राकृतिक सम्पदालाई समेटन खोज्नु भन्दा थिमको आधारमा अलग अलग डकुमेन्ट्री बनाउनु पर्नेछ। यसका लागि देहाय बमोजिम अलग-अलग थिमको आधारमा डकुमेन्ट्रि निर्माण गर्नु पर्नेछ।

क) भिडियो डकुमेन्ट्रीहरु जिल्लागत रुपमा १२ वटै जिल्लाको अलग-अलग बढीमा ३० मिनेट र जिल्लाको संक्षिप्त चिनारीको लागि बढीमा ५ मिनेटको डकुमेन्ट्रि भिडियो हुनुपर्नेछ। प्रत्येक जिल्लाको हकमा बढीमा १ मिनेट सम्मको कम्तिमा १५ वटा पर्यटकीय स्थल /सम्पदा अनुसारका छोटो जिङगल/क्लिपहरु हुनुपर्नेछ।

ख) त्यसैगरी प्रदेशका सबै जिल्लालाई समेटेर १०-१५ मिनेटको देहाय बमोजिमको थिमको आधारमा डकुमेन्ट्री निर्माण गरी पेश गर्नु पर्नेछ।



सचिव

१. प्राकृतिक सम्पदा र वन्यजन्तुहरुमा आधारित डकुमेन्ट्री (Nature and Wildlife)

२. ऐतिहासिक र धार्मिक सम्पदामा आधारित डकुमेन्ट्री(Historical and Religious)

३. सँस्कृति, कला,भेषभुषामा आधारित डकुमेन्ट्री( Culture and Art)

४. बुद्ध परिपथसँग सम्बन्धित स्थानहरुको डकुमेन्ट्री(Buddha Circuit)

ग) भिडियो डकुमेन्ट्रीमा न्यारेसन नेपालीमा स्पष्ट बुझिने र कर्णप्रिय आवाजमा हुनुपर्नेछ। न्यारेसनमा बोलेका बिषय क्याप्सन/सबटाइटल अंग्रेजीमा लेखिएको हुनुपर्नेछ।

घ) छायाकंन गरिएको (रफ) सामग्री सबै र भिडियो डकुमेन्ट्रीको गुणस्तर (रेजुलेसन) नघटाइएको कपी हार्डडिक्स मार्फत उपलब्ध गराउनु पर्नेछ।

ङ) भिडियो डकुमेन्ट्रीको स्कृप्ट पनि समावेश गर्नुपर्ने छ ।

च) जिंगल अनुसार नाम उल्लेख गरिएको हुनुपर्नेछ ।

छ) मन्त्रालयमा अन्तिम प्रतिवेदन पेश गर्नु भन्दा पहिला समग्र डकुमेन्ट्रीको प्रस्तुति गरी प्राप्त राय/सुझाव समेटी परिमार्जन गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ।

ज) अन्तिम भिडियो डकुमेन्ट्रीको प्रत्येक जिल्लाको र माथि उल्लेख गरिए अनुसार थिमको आधारमा समेत अलग-अलग डिभिडि ५/५कपी मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

१२. भुक्तानी तालिका:

भुक्तानी निम्न तालिका अनुसार परामर्शदाताको निवेदन र भ्याट बीलको आधारमा मन्त्रालयबाट गरिनेछ।

पहिलो किस्ता:- सम्झौता भएपश्चात प्रारम्भिक प्रतिवेदन(फाइनल स्कृप्ट सहित) भए पश्चात ३०%

अन्तिम किस्ता: सम्झौता अनुसारको कार्य सम्पन्न गरी अन्तिम प्रतिवेदन बुझाए पश्चात सम्झौता रकमको ७०%

१३. परामर्श दाताको छनौटको योग्यताको आधार:

परामर्श सेवा खरिद कारवाहीमा भाग लिने प्रस्तावदाताको योग्यताको आधार देहाय बमोजिम हुनेछ:

१. प्रस्तावदाता संस्थाको सम्बन्धित कार्यको संस्थागत कार्य अनुभव,

२. प्रस्तावदाताको मुख्य मुख्य कर्मचारीको सम्बन्धित विषयको शैक्षिक योग्यता र उस्तै प्रकृतिको कार्यको अनुभव,

३. कार्य सम्पादनगर्ने तरिका, कार्य विधि, कार्य क्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता, समय तालिका,

४. प्रस्तावदाताको व्यवस्थापन क्षमता,

५. प्रस्तावदाताको आर्थिक क्षमता र कार्य सम्पादन सम्बन्धि नविनतम सोच,

६. विगत ५ बर्षको अवधिमा प्रस्तावित परामर्श सेवासँग मिल्ने प्रकृतिको परामर्श सेवाप्रदान गरेको सार्वजनिक वा निजी संस्थाको रकम र मिति खुल्ने विवरण,

७. इडिटिङ, 3D एनिमेसन तथा कलर ग्रेडिङ, पार्श्व संगीत (background music) सम्बन्धि योग्यता।



सचिव

१४. प्रस्तावहरुको छनौट तथा मुल्याङ्कन विधि:

सूचना प्रकाशन गरे पश्चात प्राप्त प्रस्तावहरुको सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ माउल्लेख भएका प्रावधानको आधारमा रही मुल्यांकन गरिनेछ। प्राविधिक प्रस्तावको मुल्यांकनको भार ८०% र आर्थिक प्रस्तावको मुल्यांकनभार २०% हुनेछ। मुल्यांकनमा सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदातालाई यस कार्यका लागि छनौट गरिनेछ ।

१५. प्राविधिक प्रस्तावको ढाँचा:

परामर्शदाता संस्थाले देहाय बमोजिम ढाँचामा प्राविधिक प्रस्ताव पेश गरेको निवेदन सहित प्राविधिक प्रस्ताव पेश गर्नुपर्नेछ:

१. परामर्शदाता संस्थाको परिचय (संस्थाको नाम, ठेगाना, सम्पर्क फोन, सम्पर्क व्यक्ति, इमेल र अन्य उपयुक्त विवरण)
२. परामर्शदाता संस्थाको अनुभव
३. डकुमेन्ट्रि निर्माण विधि
४. कार्ययोजना
५. प्रस्तावित जनशक्ति।
६. प्राविधिक सामग्रीको उपलब्धता

परामर्शदाता संस्थाले प्राविधिक प्रस्ताव साथ देहाय बमोजिमका कागजातहरू पेश गर्नुपर्नेछ:

१. संस्थादर्ता तथा नवीकरणको प्रमाणपत्र
२. मु.अ.कर दर्ताको प्रमाणपत्र
३. कालो सूचीमा नपरेको स्वघोषणापत्र
४. आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाणपत्र
५. संस्थाको अनुभव खुल्ने कागजातहरू (प्रस्तावसँग संबन्धित बढीमा ५ वटासम्म)
६. विगतमा सीप तथा प्रविधी हस्तान्तरण सम्बन्धी गरेका कृयाकलापहरू खुल्ने कागजात
७. प्रस्ताव गरिएका जनशक्तिको सम्बन्धित व्यक्तिले गरेको व्यक्तिगत विवरण

१५. आर्थिक प्रस्तावको ढाँचा:

परामर्शदाताले देहाय बमोजिम ढाँचामा आर्थिक प्रस्ताव पेश गरेको निवेदन सहित आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछ:

| सि.नं. | विवरण | परिमाण | दर | इकाई | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जनशक्ति विवरण<br>क)<br>ख) | | | | | |
| २ | बैठक तथा अन्तरक्रिया | | | | | |
| ३ | मसलन्द/सामग्री | | | | | |
| ४ | संचार/यातायात/इन्धन | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | डकुमेन्ट्रीको स्कृप्ट लेखन | | | | | |
| ६ | क्षेत्रगत अनुसन्धान | | | | | |
| ७ | कानूनी शुल्क | | | | | |
| ८ | उपकरण(क्यामरा लाइट ड्रोन स्लाइडर ट्राली आदि) | | | | | |
| ९ | कार्यालय व्यवस्थापन | | | | | |
| १० | भ्याट | | | | | |
| ११ | कुल परियोजना खर्च | | | | | |

## १६. परामर्शदाता टोली र विषय विज्ञहरु

परामर्शदाताले देहाय बमोजिम का मानवश्रोतको वैयक्तिक विवरण यस मन्त्रालयमा पेश गरी कामका लागि कायदिश पाएपछि मात्र कामलाई अगाडि बढाउनु पर्नेछ।

| क सं | मानवश्रोतको विवरण | योग्यता र अनुभव |
|---|---|---|
| १ | कार्यक्रम निर्देशक | फिल्म मेकिङ सम्न्धी विषयमा स्नातक गरी कम्तिमा ३ वर्ष सम्न्धित विषयमा काम गरेको अनुभव भएको। |
| २ | डकुमेन्ट्रि कलानिर्देशक | फिल्म मेकिङ विषयमा स्नातक गरी कम्तिमा ३ वर्ष सम्न्धित विषयमा काम गरेको अनुभव भएको। |
| ३ | सिनेमाटोग्राफर | कम्तिमा ३ वर्ष सम्बन्धित फिल्डमा काम गरेको। |
| ४ | प्रोडक्शन म्यानेजर | स्नातक गरी कम्तिमा ५ वर्ष काम गरेको । |
| ५ | लाइटम्यान र ध्वनी नियन्त्रक | सम्न्धित विषयमा तालिम लिई कम्तिमा ३ वर्ष सम्न्धित विषयमा काम गरेको । |
| ६ | ड्रोन प्राविधिक र फोटोग्राफर | सम्न्धित विषयमा तालिम लिई कम्तिमा ३ वर्ष सम्न्धित विषयमा काम गरेको । |

सचिव